# अब्राहम एक योद्धा

# Pastor S. James

**April 20th, 2023**

*प्रार्थना*

*प्रभु धन्यबाद,धन्यबाद,धन्यबाद तपाइलाइ स्तुति प्रसंसा महिमा चढाउछु प्रभु । तपाइको बचन बाट सिकाउनुहोस् प्रभु । अन्त को दिन सम्म खडा हुनको लागी सैतान को युक्ति को माथि जित्न को लागी हामीलाइ शक्ति प्रधान गर्नुहोस् प्रभु । अभिशेक गर्नुहोस् , सामर्थ दिनुहोस् प्रभु हाम्रो सारा आत्मा ,प्राण ,शरिर हजुरको हातमा राख्दछु यो सबै बिन्ति प्रार्थना येशु मशिह को नाममा आमेन ।*

हिब्रु ११ को ६ अनुसार बिश्वास को बिना परमेश्वरलाइ प्रसन्न तुल्याउनु असम्भव छ । बिश्वासमा अगाडि बढ्न को लागी बिश्वास को पिता अब्राहाम बाट हामीले सिक्न सक्छौ । अब्राहम को जीवन संग जोडेको एक ब्यक्तिको बारेमा येशु बोल्नुहुन्छ । हामी उसको बारेमा हेर्नेछौ ।

लुका १७:२३- [28]यो पनि लूतको समय जस्तै हुनेछ जब परमेश्वरले सदोमको सर्वनाश गर्नुभयो। ती मानिसहरू खाँदै थिए, पिउँदै थिए, किन्दै थिए, बिक्री गर्दै थिए, रोप्दै थिए अनि आफ्नै लागि भवनहरू बानउँदै थिए।
[29]लूतले शहर छाडने समय सम्म मानिसहरू यी सब गरिरहेकै थिए। तब आकाशबाट आगो र गन्धक बर्स्यो अनि प्रत्येकलाई नष्ट पार्यो।
[30]जब मानिसको पुत्र आउनु हुन्छ, एकदमै त्यही हुनेछ।

न्याय को दिन आउने सम्म यिनीहरु यसरी नै जीवन जीएका थिए न्याय आउने दिन सम्म कसलाइ पनि थाहाँ थिएन । र कसैले पनि बिश्वास गरेनन् । लुतलाइ पनि थाहाँ थिएन । लुतलाइ पनि जबरजस्ति निकाल्नु पर्‍यो । अर्को एउटा ब्यक्तिले अन्तर बिन्ति गरेको कारणले मात्र उल्लाइ परमेश्वरले बचाउनु भएको थियो । त्यसरी नै मानिसको पुत्र आउने समयमा पनि त्यस्तै हुनेछ । सबै खाँदै , पिउदै , गरेको कुरा लेखेको छ ।तर त्यहाँ उपवास को कुरा लेखेको छैन । किनेको बेचेको कुरा लेखेको छ तर दिएको कुरा लेखेको छैन । उपवास बस्ने र दिने मान्छे हामी हुनुपर्छ । त्यो दिन को तयारी कस्तो हुनुपर्छ ?

[31]"त्यसदिन, यदि कोही मानिस उसको घरको छानामा छ भने, अनि उसको समानहरू घरभित्र छ भने ऊ ती समानहरू लिन जानु पर्दैन। त्यसरी यदि कोही मानिस खेतमा छ भने त्यसले पनि घर फर्किनु पर्दैन।

यसको मतलब संसारको केहि थोक संग हाम्रो जीवन जोडिएको छैन ।

[32]विचार गर, लूतकी पत्नीलाई के भएको थियो

लुतको पत्नीलाइ याद गर । न्याय को दिनमा उनले फर्केर हेरीन् । संसारको थोक हामीले लिएर आएनौ र लिएर जादैनौ जो जो हामी परमेश्वरले दिनुभयो त्यो हामीले प्रयोग गर्छौ । यदि हाम्रो जीवनमा नोक्सान भए पनि अयुब जस्तो धन्यबाद दिन्छौ ।

[33]जुन मानिसले आफ्नो जीवन बचाउँनु चहान्छ उसले त्यो गुमाउनेछ। तर कसैले आफ्नो जीवन गुमाउँछ भने त्यसले त्यो बचाँउनेछ।

संसार को ब्यक्ति हो भने प्राण सबै संसार संग जोडिएको हुन्छ । त्यसैले लुतको श्रीमतीले फर्केर हेरीन् कारण उनको जीवन सबै संसार त्यो सदोम संग जोडिएको थियो । त्यसकारणले परमेश्वर भन्नुहुन्छ यो संसार र संसार को थोकलाइ प्रेम नगर्नु नत्र भने परमेश्वरको प्रेम हामीमा रहदैन हामीले दोस्रो आगमणलाइ तयारी गर्ने पिताको प्रेम हो । । लुतले संसारको थोकहरुलाइ प्रेम गर्‍यो । लुत संसारको मान्छे होइन संसारीक बिश्वासी हो । उत्पत्ति ५० अध्यायमा लुत को बारेमा धेरै लेखेको छ । येशुले पनि लुत को श्रीमतिलाइ याद गर भन्नुभयो । सदोम र गमोराका मान्छेहरुमा पाप भएको कारण उनीहरुमा ब्यभिचार होमोसेक्सुवालीटि जस्ता धेरै पाप भएको कारण सदोम र गमोराको नास भयो । बिवाह परमेश्वरले एउटा स्त्री र पुरुष बिच बनाउनु भयो । यो ६००० शाल यही स्थापना भयो तर यो बदलियो भने बाकि सबै झर्छ । सबै खतम हुन्छ । २०१२ मा अमेरीकामा समलिङ्गि बिवाहलाइ मान्यता दिइयो । अहिले १० ,११ शाल पछि हर देशमा मान्यता दिन शुरु भयो । त्यसैले येशुले पहिला हेर के हुदैछ त्यस पछि प्रार्थना गर भन्नुभयो । यो अबस्थामा हामी मण्डलीहरु लुत को जस्तो होइन अब्राहामको जस्तो तयारी हुनुपर्छ । हामीले लुत को इतिहास हेर्दा खेरी

उत्पत्ति १३:७ [7]त्यसै समयमा त्यस भूमिमा कनानी परिज्जी मानिसहरू पनि बस्थे। अब्राम र लूतका गोठालाहरू एक-अर्कासंग झगडा गर्न थाले।

यो सबै झगडा बाट सुरु भएको हो । एउटा परीवारमा , मण्डलीमा झगडा शुरु हुन्छ भने त्यहाँ बाट खराबी हुन्छ त्यसैले झगडाहरु देखी हामी होसिहार हुनुपर्छ ।

10 लूतले भूमि खोजे अनि यर्दन नदीको बेंसीमा चाँहि पानी प्रशस्त भएको पाए। (यो परमप्रभुले सदोम र गमोरा ध्वंश पार्नु भन्दा अघिको कुरो हो। त्यस समयमा सोअरपट्टी यर्दनको बेंसी परमप्रभुको बगैंचा जस्तै थियो। यो भूमि मिश्रदेशको झैं राम्रो थियो।)
11 यसर्थ लूतले आफू बस्नको निम्ति यही भूमि रोजे र ती दुइ व्यक्तिहरू छुट्टीए अनि लूतले पूर्वतिर यात्रा शुरू गरे।

यिनीहरुको बिचमा झगडा भयो र यिनीहरु छुटिए । लुतले हरियो र राम्रो जमिन आखाँले हेरेर चुन्यो । त्यति खेर सदोम गमोरा को नास भएको थिएन । लुतले सदोम गमोरा चुनेर गए पछि २० देखी २५ शाल को पछि मात्र सदोम गमोरा को नास हुन्छ । हामीलाइ भोलि के हुन्छ हामी देख्न सक्दैनौ । हामीले चुनेको कुरामा परमेश्वर को न्याय कस्तो हुन्छ भोलि हामीलाइ थाहाँ हुदैन । लुतले सदोम र गमोरा चुन्दा खेरी धेरै नै राम्रो थियो । पानीले प्रसस्त भिजेको जमिन जता ततै हराबरा तर लुतलाइ थाहाँ थिएन कि पछि गएर यो हराबरा सदोम गमोरा नास हुनेछ । भोलि हाम्रो जीवनमा के हुन्छ त्यो आज हाम्रो चुनाइ को अनुसार हुन्छ ।

11 यसर्थ लूतले आफू बस्नको निम्ति यही भूमि रोजे र ती दुइ व्यक्तिहरू छुट्टीए अनि लूतले पूर्वतिर यात्रा शुरू गरे।

लुतले जमिन रोजेर पुर्वतिर लागे । हामी कुन दिशामा जान्छौ । परमेश्वरको इच्छालाइ वास्ता नगरेर आफ्नो इच्छा अनुसार चल्ने मान्छे सबै पुर्व तिर जान्छन् ।कैन पुर्व तिर गयो लुत पुर्व तिर गयो । हामी पुर्वमा बस्न सक्छौ तर पुर्व तिर हामी जादैनौ । परमेश्वर पुर्वमा बस्नुहुन्न । भजन अनुसार उत्तर दिशामा हो परमेश्वरको शिहाशन । पुर्व भनेको परमेश्वर देखी अलग्गै दिशा हो । पुर्वमा सबै थोक हुन्छ होला तर परमेश्वर को उपस्थीती त्यहाँ हुदैन । हामी काहाँ जादैछौ मात्र होइन । हामी को बाट छुट्टिएर जादैछौ । हाबेललाइ परमेश्वर को श्वर्गदुतले एउटा प्रस्न सोध्नुभयो तिमी काहाँ देखी आयौ अनी काहाँ जादैछौ ? लुतलाइ पनि सोध्नु पर्छ तिमी काहाँ बाट आएको र काहाँ जान लागेको ?

10 लूतले भूमि खोजे अनि यर्दन नदीको बेंसीमा चाँहि पानी प्रशस्त भएको पाए। (यो परमप्रभुले सदोम र गमोरा ध्वंश पार्नु भन्दा अघिको कुरो हो। त्यस समयमा सोअरपट्टी यर्दनको बेंसी परमप्रभुको बगैंचा जस्तै थियो। यो भूमि मिश्रदेशको झैं राम्रो थियो।)

२पत्रुस ३:10 तर, त्यो दिन जब परमप्रभु आउनु हुन्छ, चोर जस्तै एक अचम्म प्रकारले आउनु हुनेछ। आकाश एक प्रबल गर्जनले अदृष्य हुनेछ। आकाशमा भएका सबै थोकहरु आगोले नष्ट पार्नेछ। अनि पृथ्वी र यसमा भएका सबै थोकहरु आगोले जलाउनेछ।
11 यसर्थ, मैले भनेको जस्तै हरेक कुरा नष्ट हुनेछ। यसर्थ तिमी कस्तो किसिमको मानिस हुनुपर्छ? तिमीहरुले पवित्र जीवन जिउनु पर्छ अनि परमेश्वरको सेवा गर्नुपर्छ।
12 तिमीहरुले परमेश्वरको दिनको प्रतिक्षा गर्नु पर्छ। तिमीहरुले त्यो दिनको आगमनको दृढतासंग चाहना गर्नु पर्छ। जब त्यो दिनको आगमन हुन्छ, आकाश अग्निले ध्वंश पार्नेछ, अनि आकाशको हरेक वस्तु आगोको रापले पग्लने छन्।

सदोम र गमोरा पनि लुत गएको २० देखी २५ शाल को भित्रमा एकै दिनमा नास भयो । त्यसै गरी पत्रुस द्वारा पबित्र आत्मा हामीलाइ चेताउनी दिदै हुनुहुन्छ कि यो संसार एकै दिनमा पुरै नास हुनेछ । त्यसकारणले गर्दा हामी कस्तो हुनुपर्छ ?

२पत्रुस ३:१३ 13 तर परमेश्वरले हामीलाई प्रतिज्ञा गर्नु भएको छ। अनि हामी उहाँको प्रतिज्ञाको प्रतीज्ञा गरिरहेका छौं। एक नयाँ आकाश अनि एक नयाँ पृथ्वी। त्यस स्थानमा भलोपन स्थापना हुनेछ।

हामीले परमेश्वरको नयाँ आकाश र नयाँ पृथ्वी को तरफ हेर्नु पर्छ । त्यो नयाँ पृथ्वी र नयाँ आकासमा धार्मीकता बास गर्छ ।  पहिला परमेश्वरको राज्य र धार्मीकता खोजी गर भनेर बचनले भन्दछ । धार्मीकता नखोज्ने मान्छेले नयाँ पृथ्वी खोज्दैन । धार्मीकता खोज्ने मान्छेलाइ यो संसारमा समस्या धेरै बढ्छ । संसारको मान्छे उनीहरुको बिरुद्धमा खडा हुन्छन् । धार्मीकता को कुरा जुन दिन लुतले बोल्यो त्यो दिन सदोम को मान्छेहरु सबै उसको बिरुद्धमा भए । जब सम्म लुत चुप लागेर बस्यो केहि समस्या भएन जुन दिन बोल्यो यस्तो हुनु हुदैन त्यो दिन सबै उसको बिरुद्धमा उठे ।

14 प्रिय मित्रहरु, हामी यस्तो घटना घट्ने प्रतीक्षा गरिरहेका छौं। यसर्थ पापरहित अनि दोषरहित रहनु तिमीहरु प्रगाढ प्रयत्न गर। परमेश्वरसित शान्तिमा रहने प्रयास गर।

हामी के को लागी प्रतीक्षा गरीरहेका छौ ? परमेश्वर को दिन पासमा आइरहेछ । संसारमा सैतानले धार्मीकताको बिरुद्धमा एउटा माहोल तयार गर्दैछ । तर हामीले आत्मिक वातावरण तयार गर्न जरुरी छ।

उत्पत्ति १३:१४ 14 लूत गएपछि परमप्रभुले अब्रामलाई भन्नुभयो, "आफ्नो वरिपरि हेर, उत्तर, दक्षिण पूर्व, पश्चिमतिर हेर।
15 किनभने म तिमीलाई सम्पूर्ण भूमि दिनेछु जो तिम्रो आफ्नो आउँदो पुस्ताकोलागि हुनेछ अनि यो सदाका लागि तिम्रो भूमि हुनेछ।

अब्राहमको जीबन बाट जब लुत अलग भए पछि मात्र परमेश्वर अब्राहाम संग बोल्नुभयो । लुत एउटा संसारीक चिज को प्रतिक हो । त्यसै गरी हाम्रो जीवनमा पनि जब सम्म लुत (संसारीक चिज) हाम्रो जीवन बाट अलग हुदैन तब सम्म परमेश्वर हाम्रो जीवन देखि काम गर्नु हुन्न । हाम्रो सपनाहरु , हाम्रो आशाहरु र हाम्रो डर सबै यो संसार संग जोडेको छ भने परमेश्वर हामी संग बोल्नुहुन्न । अब्राहाम बिश्वास को पिता संग बोल्न सक्नुभएन भने हामी संग कसरी बोल्न सक्नु हुन्छ ? अब्राहाम धेरै शाल हारनमा बसे र परमेश्वर को आज्ञा पुरा तरीकाले मानेनन् । प्रतिज्ञा को देशमा आए पछि बिश्वास को परिक्षा आयो र त्यो बिश्वास को परिक्षामा श्रीमतीलाइ बैनी भनेर भने र उनले हारे । हामी पनि यो संसारीक शरीरमा धेरै चोटि हार्छौ । त्यति खेर हामी बिश्वासमा उठ्छौ कि उठ्दैनौ ? हाम्रो जीवनमा हामीले गरेको गल्तीहरुले हामीलाइ नम्र बनायो कि अझै कठोर बनायो ? अब्राहामले गल्ति गरे पछि अझै नम्र बने । दुइ जना लुत र अब्राहम मिश्र देशमा गए र लुतले आखाँ उठाएर संसारको थोक चुने तर अब्राहमले आखाँ उठाएर संसार को थोकलाइ चुनेनन् । नम्र अब्राहामलाइ

परमेश्वरले भन्दै हुनुहुन्छ आखाँ उठाएर हेर यो सारा जमिन म तिमीलाइ दिन्छु । त्यसै गरी यो संसारमा येशु फेरी आए पछि यो नयाँ संसार नम्रहरुलाइ दिनुहुन्छ । लुतहरु जस्तो मान्छेहरु को लागी यो पृथ्वी राखेको होइन । मुख्य कुरा यो हो की अब्राहामले प्रतिज्ञा पाए । लुत पनि बिश्वासी थिए । तर उनी संग परमेश्वर को कुनै पनि प्रतिज्ञा थिएन । लुतले प्रतिज्ञा खोजेनन् त्यसैले पाएनन् तर अब्राहामले खोजे त्यसैले उनले पाए । त्यसैगरी हामी पनि परमेश्वर को प्रतिज्ञाहरु खोजेनौ भने हामीले पनि परमेश्वरको प्रतिज्ञाहरु पाउदैनौ । यदि परमेश्वर को प्रतिज्ञा हामी संग छैन भने यो संसारले हामीलाइ निलिहाल्छ । जसरी लुतलाइ निल्यो ।

२ पत्रुस १:४ [4]यसैद्वारा उहाँले हामीलाई उहाँको अनमोल र महान् प्रतिज्ञाहरु दिनुभएको छ, कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरु इश्वरीय स्वभावका सहभागी होओ।

हामीलाइ परमेश्वरले उहाँका अनमोल र माहान प्रतिज्ञाहरु दिनुभएको छ । जसले गर्दा हामी यस संसारका कुइच्छा र भ्रष्टता देखी बच्न सक्छौ । त्यसैगरी अब्राहम संग पनि परमेश्वरको प्रतिज्ञा भएको कारण उनी लुत को जस्तो गरी सदोम र गमोरा को कुइच्छामा कहिले गएनन् । उनलाइ परमेश्वर को प्रतिज्ञाले संसारीक चीज देखी बचायो । तर लुत को जीवनमा परमेश्वर को प्रतिज्ञा नभएको कारण उनी संसारको कुइच्छाको कारण उनको जीवन नास भयो । हामी गोठालाहरु भएको कारणले येशु मशिह दोस्रो आगमण को लागी मण्डलीलाइ तयार गर्नु हो । लुत पनि एउटा मण्डली को प्रतिक हो , अब्राहम , सारा, र लुत को श्रीमती पनि एउटा मण्डली को प्रतिक हो । सारा भनेको मण्डली दोस्रो आगमण को लागी तयार थियो तर लुत को श्रीमती डुबि गयो न्याय को दिनमा । जब न्याय को दिनमा गोठालोहरुको न्याय भेडाहरु को जस्तो हुदैन गोठालोहरुको न्याय अलग्गै हुन्छ । त्यसैले मोशाले मिश्र देश बाट इजरायलीहरुलाइ निकालेर ल्याए पछि मोशाले परमेश्वर संग भने प्रभु मलाइ तपाइको मार्ग देखाउनुहोस् कारण म यिनीहरुलाइ प्रतिज्ञाको देश कसरी लैजाने र यिनीहरुलाइ कसरी रेख देख गर्ने मलाइ थाहाँ छैन । त्यसकारणले हामीले मण्डली चलाएको होइन हामीले परमेश्वर को जातीलाइ हेरचाह गरेको हो । परमेश्वर को दिन राती आउने चोर जस्तै आउछ भनेको छ । त्यसकारणले हामी त्यो दिन को लागी तयार हुनुपर्छ । जब लुत र अब्राहाम को मन मुटाव हुदा पहिलो कुरा अब्राहम चुप लागेर बसे उनले मुख खोलेनन् । किनभने उनी नम्र थिए । दोस्रो कुरा अब्राहामले भने हामी भाइमा लडाइ हुनुहुदैन त्यसैले तिमी पहिला जमिन चुनेर लिउ । मतलब उनले पहिला लुतलाइ चुन्न दिए । यसरी अब्राहामले उसको जीवनमा कुनै पनि कुरा परमेश्वरलाइ चुन्न दिए र अब्राहमले उनको जीवनमा परमेश्वर बाट टाढा हुने काम गरेनन् । उनको जीवनमा सबै कुरा गर्न परमेश्वलाइ अधिकार दिएर उनी सधैनै परमेश्वर को नजिक बसिनै रहे । येशुले निस्तार चाड को खाना को पछि सबै चेलाहरु को खुट्टा धुदा पत्रुसलाइ भन्नुहुन्छ यदि तिम्रो खुट्टा मैले धोइन भने तिमी मेरो भाग हुदैनौ । खुट्टा नै हो संसारमा जाने र संसारलाइ छुने त्यसैले खुट्टा धुनु आबस्यक छ । अब्राहाम र लुत मिश्र देशमा कति शाल थिए हामीलाइ थाहाँ छैन । तर जब अब्राहम मिश्र देश देखी बाहिर आए पछि अब्राहामले बेदि बनाएर खुट्टा धोए । तर लुतको जीवनमा बेदि छैन त्यसैले उसले उसको खुट्टा धोएन । अब्राहम संसारमा बसेर पनि उसको भित्र हृदयमा परमेश्वर हुनुहुन्थ्यो । संसार थिएन । हामी पनि संसारमा छौ तर हाम्रो भित्र संसार आउनु हुदैन । पेन्तिकोस को दिनमा शिक्षा दिनु भन्दा अगाडी यो दुष्ट पुस्ता बाट अलग बस भनेर भन्दा जस जसले त्यो माने तिनीहरुलाइ मात्र शिक्षा दिए। त्यसै गरी येशु को शिक्षा को लागी मान्छेहरु आए तर उनीहरुले नबुझ्नु भनेर येशुले दृष्टान्तमा भन्नुभयो कारण संसार नछोडेको मान्छेहरुलाइ येशुले परमेश्वर को राज्य को कुरा भन्नुभएन । येशुले भन्नुभयो सुङगुर को अगाडी म मोति हाल्दिन । सुङगुर भनेको संसारीक मान्छे हो । परमेश्वरको राज्यको कुराहरु मोति जस्तै हुन् ।

उत्पत्ति १३: 12 अब्राम कनान भूमिमा रहे भने लूत बेंसीको शहरहरूमाझ बसे। लूत सदोमतिर निकै पर दक्षिणपट्टी गए अनि त्यही आफ्नो पाल बनाए।
१८ 18 यसरी अब्रामले आफ्नो पालहरू हटाए अनि हेब्रोनमा माम्रे फँलाटका रूखहरु भएकहाँ गए। अब्रामले त्यस ठाउँमा परमप्रभुको आराधना गर्नको लागि एउटा वेदी बनाए।

दुबै जनाले आप्नो पाल सारे । लुतले आप्नो पाल सदोम तिर सारे । पाल भनेको शरीर को एउटा प्रतिक हो । एउटा जगा देखी अर्को जगा जानको लागी हाम्रो पाल हाम्रो शरीर चलाउनु पर्छ । १८ पद अनुसार अब्राहामले पनि आप्नो पाल हेब्रोन तिर सारे । हेब्रोन भनेको परमेश्वर को उपस्थीति को जगा हो । यो संसार का मान्छेहरु एक जगा देखी दोस्रो जगामा जाने गर्छन् काम को लागी पढाइ को लागी बिभिन्न कुराले गर्दा । तर यो सबै कुरामा शारीरिक प्रगती को लागी गर्ने गर्छन् । धेरै नै कम मान्छेहरु परमेश्वरले भनेको कारण एक ठाउ बाट अर्को ठाउमा सर्ने गर्छन् । यहि ठाउ बदल्ने क्रममा अब्राहाम परमेश्वर को उपस्थीति को ठाउमा र उहाँ को आज्ञा अनुसार उनले आप्नो पाल सारेर हेब्रोनमा गए ।

[17]यसर्थ अघि बढ, आफ्नो सम्पूर्ण भूमिमा हिंड किनभने मैले यो तँलाई दिएको छु।"

परमेश्वरले अब्रहामलाइ काहाँ जानु , कुन शहरमा जानु केहि पनि भन्नुभएन । पत्रुसलाइ श्वर्गदुत आएर जेल बाट निकाल्यो र तिन वटा गेट थिए र अन्तिमको गेटमा ल्याएर छोडेर गयो । अब काहाँ जाने आप्नो इच्छा हो तर पत्रुस प्रार्थना गर्ने घरमा गयो । त्यसै गरी परमेश्वरले अब्राहामलाइ आखाँ उठाएर हेर यो सबै म तिम्रो लागी दिनेछु । तिमी चुन त्यस पछि अब्राहामले हेब्रोन चुने । हामीलाइ परमेश्वरले चुनाव दिनुहुन्छ । चुन्ने काम ह्यमो हो । येशुले जीवन को शिक्षा दिनुभयो र भन्नुभयो मैले तिमीहरु को अगाडि जीवन र मृत्यु राखेको छु तिमीहरु चुन । जीवन चुन्ने हो भने त्यो जीवन हेब्रोनमा छ । यसरी अब्राहाम हेब्रोनमा गए । लुतले शदोमलाइ चुन्यो शदोममा मृत्यु छ । हेब्रोनमा उन्नती हुन धेरै समय लाग्छ तर त्यहाँ परमेश्वर को उपस्थीती छ ।

[18]यसरी अब्रामले आफ्नो पालहरू हटाए अनि हेब्रोनमा माम्रे फँलाटका रूखहरु भएकहाँ गए। अब्रामले त्यस ठाउँमा परमप्रभुको आराधना गर्नको लागि एउटा वेदी बनाए।

अब्राहामले हेब्रोनमा परमेश्वरको आराधना गर्ने एउटा नयाँ बेदि बनाए । त्यसैगरी हामी पनि कुनै पनि ठाउँमा गए पनि हामीले नयाँ बेदि बनाउन अति जरुरी छ । अब्राहाम काहाँ काहाँ जान्छन् त्यहाँ त्यहाँ शेकेममा , बेथेलमा , हेब्रोनमा सबै जगामा उनले पुरानो बेदिलाइ लिएर गएनन् त्यहाँ उनले नयाँ बेदि बनाए । अलग अलग जगामा अलग अलग आत्मिक लडाइ हुन्छ त्यसैले अलग अलग जगामा अन्धकार

को शक्ति को बिरुद्धमा लड्नको लागी हामीलाइ  एउटा परमेश्वर संग संगति चाहिन्छ र अर्को बेदि चाहिन्छ । अब्राहामले हेब्रोनमा बेदि नबनाएको भए १४ अध्यायमा आउने समस्यालाइ जित्न सक्दैनथे ।

उत्पत्ति १४:१-३ नारका राजा अम्रापेल, एल्लासारका राजा अर्योक, एलामका राजा कदोर्ला ओमेर, तिदाका राजा गोयीम थिए।
[2]यी सबै मिलेर सदोमका राजा बेरा, गमोराका राजा विर्शा अदमाका राजा शिनाब, सबोयीमका राजा शेमेबेर र बेलाका राजासित युद्ध लडे। (बेलालाई सोअर पनि भनिन्छ)।
[3]यी सब राजाहरूले आफ्ना-आफ्ना सेनाहरू सिद्दीमको बेंसीमा भेला पारे। (वर्तमान खाराको समुद्र नै सिद्दीमको बेंसी हो)।

प्रतिज्ञा को देशमा एउटा युद्ध हुन्छ । यो आत्मिक युद्ध हो ।प्रतिज्ञाको देशमा ३ वटा ब्यक्ति छन् । लुत , अब्राहाम , मल्किशदेक यहाँका राजाहरुले लुतलाइ कब्जामा लिन्छन् तर अब्राहमलाइ कब्जामा लिन सक्दैनन् । किनभने उनी हेब्रोनमा बसेका कारण र अर्को मल्किसदेक जसलाइ कब्जामा लिन सकेनन् कारण यरुशलेममा बसेको कारण ।

[12]तिनीहरूले अब्रामको दाज्युको छोरा लूतसंगै उसको सबै सम्पत्ति लगे

यदि हाम्रो मन संसारको तरीकामा हुन्छ भने संसारको राजाले हाम्रो मनलाइ कब्जामा गर्छन् ।मनलाइ कब्जामा लिनु भनेको मान्छेलाइ पनि कब्जा गर्नु हो । यता अब्राहाम र मल्किशेदेक को मन परमेश्वर माथि थियो संसारको माथि होइन जसले गर्दा उनीहरुलाइ कब्जा गर्न सकेनन् ।

[13]लूतका मानिसहरूमा एकजना जो कैद भएको थिएन र हिब्रू अब्राम भएको ठाउँमा गएर के भएको थियो वृतान्त दियो। त्यस समय अब्राम एश्कोल र अनेर एमोरीको मम्रेको फलाँटको रूखहरू नजिकै बसेका थिए। तिनीहरूले एक-अर्कामा सहायता गर्नु भनी एउटा सम्झौतामा सही गरेका थिए। अनि तिनीले अब्रामलाई पनि सहायता गर्ने सम्झौता सही गरे।
[14]जब अब्रामले लूत पक्राउ परेको समाचार पाए तिनले आफ्नो सम्पूर्ण परिवारलाई बोलाए। आफ्नो परिवार भित्रका तीन सय अठ्ठार जना प्रशिक्षित सेनाहरू लिई तिनी दानसम्म शत्रुहरूलाई खेद्दै गए।

उम्केर भागेको एक हिब्रु जवान उनी को थिए हामीलाइ थाहाँ छैन ।

उत्पत्ति १३:७ [7]त्यसै समयमा त्यस भूमिमा कनानी परिज्जी मानिसहरू पनि बस्थे। अब्राम र लूतका गोठालाहरू एक-अर्कासंग झगडा गर्न थाले।
[14]जब अब्रामले लूत पक्राउ परेको समाचार पाए तिनले आफ्नो सम्पूर्ण परिवारलाई बोलाए। आफ्नो परिवार भित्रका तीन सय अठ्ठार जना प्रशिक्षित सेनाहरू लिई तिनी दानसम्म शत्रुहरूलाई खेद्दै गए।

लुत को दासहरुले आफ्नै नातेदारहरुमा लडाइ गर्न सिकेको थिए ।तर आफ्नो शत्रु को बिरुद्धमा लडाइ गर्न सिकेका थिएनन् । मण्डलीमा आफ्नै बिश्वासी को बिचमा झगडा गर्न सिकेको छ तर अन्धकार को शक्ति को बिरुद्धमा लडाइ गर्न सिकेको छैन । अब्राहाम को घरानामा शत्रु को बिरुद्धमा झगडा गर्नको लागी तालीम पाएका छन् । हामी आत्मिक युद्धमा छौ त्यसैले मण्डलीमा अन्धकारको शक्ति संग कसरी युद्ध गर्ने सिकाउनु जरुरी छ ।

२ कोरिन्थी ४:४ [4]यस संसारको शासनकर्ता जसले विश्वास गर्दैनन् ती मानिसहरूको मन अन्धा बनाइदिएको छ। यसर्थ तिनीहरूले ख्रीष्टको महिमाको सुसमाचारको प्रकाश देख्न सक्तैनन्। ख्रीष्ट नै एक हुनुहुन्छ जो एकदमै परमेश्वर जस्ता हुनुहुन्छ।

यो संसारको राजाहरुले यो संसारको मान्छेहरुलाइ अन्धो गराएको छ । यिनीहरुले यो संसारको राजाहरु को लागी युद्ध गर्छन् । सुसमाचार भनेको यो अन्धा भएका मान्छेहरुलाइ देख्न सक्ने बनाउनु हो । हाम्रो युद्ध यो संसारको राजाहरु को बिरुद्धमा हो ।

२ तिमोथी २:२४-२६ [24]प्रभुको सेवकले झगडा गर्नु हुँदैन। उसले सबैप्रति दयालु हुनु पर्छ। प्रभुको सेवक असल शिक्षक हुनुपर्छ। उ सहनशील हुनुपर्छ।
[25]आफूसित सहमत नहुने मानसिहरूलाई उसले नम्रतापूर्वक सिकाउनु पर्छ। परमेश्वरले तिनीहरूको हृदय परिवर्तन गरिदिन सक्नुहुन्छ अनि तिनीहरुले सत्यलाई स्वीकार गर्न सक्छन्।
[26]त्यस्ता मानिसहरू शैतानको जालमा परेका हुन्छन् अनि शैतानले चाहे जस्तै काम गर्छन्। तर तिनीहरू जान्न अनि शैतानको जालबाट उम्कन सक्छन्।

शिक्षा दिने हामी सहनसिल हुनुपर्छ । हाम्रो परमेश्वर सहनसिल हुनुहुन्छ । झगडा गर्ने हुनुहुदैन । अब्राहाम झगडालु थिएनन् । हाम्रो परमेश्वर कति सहनसील हुनुहुन्छ । नुह को पालामा परमेश्वरलाइ थाहाँ थियो ८ जना मात्र बाच्छन् । ८ जनालाइ मात्र बचाउन परमेश्वरले १२० शाल कुर्नु भएको होइन । परमेश्वरलाइ थाहाँ थियो मान्छेहरु झन् , झन् पापी हुदै गइरहेका हुदा पनि परमेश्वरले १२० शाल कोहि त मन फिराएर आउछन् होला भनेर कुर्नु भयो । हामी सिकाउने मान्छेहरु  नम्रता साथ अरुलाइ सुधार्ने हुनुपर्छ । ताकी मान्छेले हाम्रो नम्रताको कारण हाम्रो ब्यवहार को कारण परमेश्वर को सत्यतालाइ स्वीकार गर्न सक्छन् । लुतलाइ दियाबलसले कैदि बनायो । संसार को धेरै जसो मान्छेहरु अन्धा हुन् । लुत संसारको मान्छे थिएन तर सैतानले उसलाइ कब्जामा लिएको थियो । किनकी उनी एक धार्मीक ब्यक्ति थिए । परमेश्वरले हामीले उद्धार पाए पछि उहाँ संग नलिएर यहाँ संसारमा किन छोड्नु भयो । कारण एउटा संसारको अन्धाहरुले हाम्रो गवाही देखेर उनीहरु को आखाँ खोल्न को लागी र अर्को सैतानले कब्जामा लिएका मान्छेहरुलाइ अब्राहामले आफ्नो भतिजा लुतलाइ छुटाएको जसरी छुटाउनको लागी ।

उत्पत्ति १४:१४ [14]जब अब्रामले लूत पक्राउ परेको समाचार पाए तिनले आफ्नो सम्पूर्ण परिवारलाई बोलाए। आफ्नो परिवार भित्रका तीन सय अठ्ठार जना प्रशिक्षित सेनाहरू लिई तिनी दानसम्म शत्रुहरूलाई खेद्दै गए।

चार राजाहरु को सामुन्ने ३१८ सेना केहि पनि होइन र पनि अब्राहमले आफ्नो भतिजा को लागी लडाइ गरे ।

१ शामुयल १४:६ [6]जोनाथनले आफ्नो हतियार बोक्ने युवा सहयोगीलाई भने, "आऊ, ती विदेशीहरूको छाउनीमा जाऔं। हुन सक्छ, परमप्रभुले तिनीहरूलाई डराउनको निम्ति हामीलाई प्रयोग गर्नुहुनेछ। हामीसँग ज्यादा सैनिक होस् कि नहोस् परमप्रभुलाई कसैले रोक्न सक्दैन।"

संसारमा लडाइ गर्नलाइ निकल्दा खेरी धेरै हुनु पर्छ । तर आत्मिकी लडाइ को लागी धेरै होस् या थोरै परमेश्वरमा केहि फरक पार्दैन । जोनाथन पलिस्तीहरुको बिरुद्धमा लडाइ गर्न जादा  दुइ जना मात्र थिए ।

१शामुयल १४:१३-१५ [13]जोनाथन हात खुट्टा टेकेर पहाडमाथि उकले। तिनका सहायक पनि पछि लागे। जोनाथन र तिनका सहायकले पलिश्तीहरूलाई आक्रमण गरे। पहिलो आक्रमणमा तिनीहरूले बीसजना पलिश्तीहरूलाई आधा एकर जमीनमा मारे। जोनाथनले उसको अघाडि आएकाहरूसित लडाई गरिनै रहे। पछाडिबाट तिनका सहायक आए अनि घाईतेहरूलाई मारे।
[14]
[15]मैदान, छाउनीमा र किल्लामा भएका सबै पलिश्ती सैनिकहरू डराउन थाले। यहाँसम्म भयो कि पलिश्तीहरूका वीरभन्दा वीर सैनिक पनि डराए। जमीन काम्यो र पलिश्ती सैनिकहरू साह्रै नै डराए।

दुइ जनाले गर्दा पुरै जमीन काम्यो र पलिस्तीहरु डराए । किनभने यो दुइ जना माथि परमेश्वर को हात थियो । त्यसकारण यदि परमेश्वर साथमा हुनुहुन्छ भने सख्याँ कति हो त्यसले फरक पार्दैन । आत्मिक लडाइमा संख्याले फरक पार्दैन ।

उत्पत्ति १४:१४ [14]जब अब्रामले लूत पक्राउ परेको समाचार पाए तिनले आफ्नो सम्पूर्ण परिवारलाई बोलाए। आफ्नो परिवार भित्रका तीन सय अठ्ठार जना प्रशिक्षित सेनाहरू लिई तिनी दानसम्म शत्रुहरूलाई खेद्दै गए।

परमेश्वरले लुतलाइ कब्जा गरेको कुरा को खबर दिनुभयो । यो लुत को लागी परिक्षा थिएन । यो अब्राहाम को लागी परिक्षा थियो । कोहि कोहि खबर हाम्रो कानमा परमेश्वर पुराउनु हुन्छ । हाम्रो प्रतिकरण हेर्न को लागी उहाँले हामीलाइ खबर दिनुहुन्छ । अब्राहमले लुतलाइ कब्जा गरेको सुनेपछि आफ्नै घरानामा जन्मेको सेनालाइ लिएर गए । अरु सेना पनि थिए तर अब्राहामले आफ्नै घरानामा जन्मेकोलाइ लिएर गए ।

युहन्ना ३:३ [3]येशूले उत्तर दिनु भयो, "म तिमीलाई सत्य कुरा भन्छु। मानिस फेरि एकपल्ट जन्मनु पर्छ। यदि मानिस फेरि जन्मेन भने, त्यसले परमेश्वरको राज्यमा प्रवेश पाउने छैन।"

आत्मिक लडाइ लड्न को लागी आत्मामा जन्मेको मान्छेलाइ मात्र लिनु पर्छ । आत्मामा नजन्मेको मान्छेलाइ लियो भने समस्या हुन्छ । त्यसैले अब्राहामले पनि उनी संग अरु पनि थिए तर उनले आफ्नै घरानामा जन्मेको मान्छेलाइ लिएर गए । आत्मामा नजन्मेको मान्छेलाइ उपवास प्रार्थनामा बोलाउनु हुदैन बोलायो भने अन्धकार को शक्ति उनीहरु माथि आक्रमण गर्छन् कारण सैतानलाइ थाहाँ छ कि यिनीहरु आत्मामा जन्मेको छैनन् । आत्मामा जन्मेको मान्छेलाइ मात्र तालिम दिन सकिन्छ । जन्मेको मान्छे बिश्वासी मण्डलीमा आउछन् र तिनीहरुलाइ अन्धकार को शक्ति को बिरुद्धमा लडाइ गर्न तालिम दिनु पर्छ ।

१ तिमोथी ४:७-८ [7]मानिसहरू यस्ता मूर्ख कथाहरू सुनाउँछन् जसको परमेश्वरको सत्यतासित कुनै सम्बन्ध छैन। त्यस्ता कथाहरूका शिक्षा पालन नगर। तर तिमीले स्वयंलाई इमान्दारीपूर्वक परमेश्वरको सेवा गर्न सिकाऊ।
[8]शारीरिक व्यायामले तिमीलाई केही मात्रामा सहायता गर्नेछ। तर परमेश्वर प्रति अपर्ण गरेको सेवाले तिमीलाई हरेक कुरामा सहायता गर्नेछ। परमेश्वरको सेवामा यो जीवन अनि अर्को जीवनको पनि आशीर्वादको भाकल निहित हुन्छ।

शारीरिक तालिम केहि मात्रामा लाभदायक हुन्छ । तर दुष्ट को बिरुद्धमा खडा हुन को लागी धार्मीकताको तालीम इश्वर भक्तिको तालिम सधै को लागी लाभदायक रहन्छ । यो भक्ति को तालिम यो जीवनमा मात्र होइन आउने जीवनमा पनि उपयोग हुन्छ । त्यसैले मण्डलीमा यो तालीम अति जरुरी हुन्छ ।

२ तिमोथी २:३-६ [3]हाम्रो दुःखको भागीदार बन। ख्रीष्ट येशूको सच्चो सिपाहीले जस्तो दुःखलाई स्वीकार गर।
[4]सिपाहीले आफ्ना नायकलाई सन्तुष्ट तुल्याउन खोज्छ। त्यसकारणले ऊ सामान्य जीवन कार्यमा फँस्दैन।
[5]यदि कुनै खेलाडीले दौडमा भाग लिने इच्छा गर्छ भने इनाम जित्नकोलागि उसले खेलको नियम पालन गर्नु पर्छ।
[6]किसान जसले कठिन परिश्रम गर्छ ऊ नै आफूले उमारेको अन्नको पहिलो अधिकारी हुनुपर्छ।

शरीर को लागी दुख भोग्ने मतलब बिहान बिहान उठेर प्रार्थना गर्नु र उपवास बस्नु आदि इत्यादी पर्दछन् । दानीयललाइ सिहं को खोरमा हाल्दिन्छु भन्दा पनि उनी तयार भए कारण उनी पहिला देखिनै तालीम पाएका थिए । लुतले तालिम नपाए को कारण ले  सबै आत्मिक युद्धमा लुतले हारे । त्यसै गरी अन्त को दिन भएडर डरलाग्दो हुन्छ । हामी त्यस दिन को लागी तयारी हुनुपर्छ । येशु जीवन को अन्त सम्म खडा हुनुभयो चेलाहरु सबै भागे । येशुले उहाँ संग १ घण्टा प्रार्थना गर्नु भन्दा त्यो पनि सकेनन् । किनभने उनीहरुले तालिम पाएका थिएनन् । दुख भोग्न को लागी सिकेका थिएनन् ।

[4]सिपाहीले आफ्ना नायकलाई सन्तुष्ट तुल्याउन खोज्छ। त्यसकारणले ऊ सामान्य जीवन कार्यमा फँस्दैन।

म संसारमा भएको कारण मेरो काम म गर्छु । तर म यो संसारको भाग हुदिन ।

[5]यदि कुनै खेलाडीले दौडमा भाग लिने इच्छा गर्छ भने इनाम जित्नकोलागि उसले खेलके  नयम पालन गनर्'पछर् ।

परमेश्वरको राज्यमा एउटा नियम छ । र एउटा क्रम छ । संसारको नियम मा चल्यो भने  परमेश्वर को नियम को बिरुद्धमा हुन्छ । बचनले भन्दछ । धन्य हो ति आत्मामा दिन हुनेहरु परमेश्वरको राज्य तिनीहरुकै हो । आत्मामा दिन हुनेहरु भनेको परमेश्वरको राज्य

पाउनको लागी आत्मामा नम्र हुनुपर्छ भनेको हो । यो एउटा परमेश्वर को नियम हो । लुत आत्मामा धनी थिए तर अब्राहाम आत्मामा गरीब थिए । हामी युद्धमा भएको कारण यो नियमहरु हामीले सिक्नु पर्छ । यो परमेश्वर को नियमहरु पालन गरेर यो आत्मिक युद्ध जित्यो भने अनन्तकाल को लागी मुकुट पाउछ । त्यसैले परमेश्वर को राज्य पहिला खोज भनेको छ । त्यो परमेश्वर को राज्य खोज्न को लागी त्यो नियम हामीले सिक्नु पर्छ । परमेश्वर को नियमहरु सिकेर त्यस माथि पालन गरेपछि मात्र हामीले परमेश्वरले राखिदिएको मुकुट पाउछौ ।

[6] किसान जसले कठिन परिश्रम गर्छ ऊ नै आफूले उमारेको अन्नको पहिलो अधिकारी हुनुपर्छ।

परिक्षम गर्नुपर्छ । काममा मेहेनत गर्नुपर्छ । येशुले भन्नुभयो । शुरु बाटै म र पिता काम गर्दै आयौ र अहिले पनि गर्दैछौ । अल्छि को लागी परमेश्वरमा कुनै पनि स्थान छैन ।पापमा नगिर्न को लागी कठिन काम गर्नु पर्छ । कामले मान्छेलाइ पापमा गिर्न बाट बचाउछ ।

इजकियल १६:४९ [49] परमप्रभुले भन्नुभयो, “तिम्रो बहिनी सदोम अनि उसको छोरीहरू घमण्डी थिए। तिनीहरूसित आवश्यकता भन्दा ज्यादा खाने कुरा थियो अनि तिनीहरूसित समय पनि ज्यादा थियो। तिनीहरूले दीन अनि असहाय मानिसहरूलाई सहायता गर्दैनथिए।

पेट भरी खान्थे लापरबाहिमा बस्थे । दरिद्रहरुलाइ सहायता गरेनन् । मतलब लिनमा भन्दा दिनमा असल यिनीहरुको लागी थिएन । त्यसै बस्थे काम गर्दैनथे । येशु पनि दिनभरी काम गर्नुहुन्थ्यो ।

भजनसग्रह१४४:१ रमप्रभु मेरो चट्टान हुनुहुन्छ, परमप्रभुको प्रशंसा गर। परमप्रभुले मलाई युद्धको लागि प्रशिक्षण दिनु हुन्छ। उहाँले मलाई युद्ध भूमिको निम्ति तयार पार्नुभयो।

हाम्रो हात र औलिहरुलाइ परमेश्वरले काम गर्ने युक्तिहरु सिकाउनुहुन्छ । पुरानो जवानामा हाम्रो काम गर्ने हातले हो । अहिले नयाँ जवानामा दिमाखले काम गर्ने गर्छन् । यो आत्मिकी लडाइमा हाम्रो हात, औला र हाम्रो दिमाख मतलब मन को तालिम परमेश्वर देखि हुनुपर्छ । नत्र भने हामी यो लडाइमा हार्छौ । यो लडाइमा हार्नु भनेको हाम्रो आत्मिक मृत्यु हुनु हो । दुष्ट त चोरी गर्न , मार्न र नास पार्न आउछ । यो अदृश्य शक्तिहरु को बिरुद्धमा लडाइ गर्न को लागी हामीलाइ तालिम चाहिन्छ ।

उत्पत्ति १४:१४ *14* जब अब्रामले लूत पक्राउ परेको समाचार पाए तिनले आफ्नो सम्पूर्ण परिवारलाई बोलाए। आफ्नो परिवार भित्रका तीन सय अठ्ठार जना प्रशिक्षित सेनाहरू लिई तिनी दानसम्म शत्रुहरूलाई खेद्दै गए।

अब्राहामले पहिला आफ्ना घरमा जन्मेको त्यसपछि प्रशिक्षित पाएका सेनाहरुलाइ अस्त्रहरु दिए । शिपाहिहरुलाइ पुरा तालिम दिएर बन्दुक दिएन भने उनीहरुले केहि पनि गर्न सक्दैनन् । एफिसी को ३ ,४, ५ सबै यो संसारमा कसरी चल्नुपर्छ त्यसको तालिम हो । हामी परमेश्वर का जनहरु उताको श्वर्गको मान्छेहरु यता संसारमा चल्दा खेरी उताको जस्तो चल्नुपर्छ यताको संसारको जस्तो चल्नुहुदैन । त्यसैले हामी अहिले देखिनै तालिम लिनु पर्छ। ३,४,५ मा तालिम पाए पछि अध्याय ६ मा गएर युद्ध को शुरु हुन्छ ।

एफिसी ६:१० [10] मेरो पत्रको अन्तमा म भन्छु, प्रभुमा र उहाँको महान शक्तिमा दृढ बन।

यिनीहरु संग संसारको दुष्ट आत्मा संग हामीमा भएको सबै अस्त्र सस्त्र र सेनाहरु लिएर आए तापनि यिनीहरु माथि हामीले जित्न सक्दैनौ । संसारको एटम बम देखी कुनै पनि मिसाइल लिएर युद्ध गर्दा पनि हामी यिनीहरु माथि जित्न सक्दैनौ । यिनीहरु माथि मात्र परमेश्वर को सामर्थले हामी जित्न सक्छौ । येशुले उहाँको श्वर्गआरोहण को पहिला भन्नुभयो यरुसलेहेम नछोड्नु त्यहाँ पर्खिरहनु जब सम्म तिमीहरु को बिचमा पबित्र आत्मा आउनुहुन्न । जो पबित्र आत्मा आए पछि तिमीहरुले सामर्थ पाउने छौ । र तिमीहरु मेरो गवाहि हुनेछौ । यदि तिमीहरु संग पबित्र आत्मा को शक्ति छैन भने तिमीहरु मेरो गवाहि बन्न सक्दैनौ कारण दुष्ट आत्माले तिमीहरु को गवाहिलाइ तोडिदिन्छ । त्यसैले पत्रुस आफ्नो सामर्थमा येशुलाइ चिन्दिन भने । कारण तब सम्म उनले पबित्र आत्माको शक्ति गवाही पाएका थिएनन् । पेन्तिकोस दिन को पछि युहन्ना र पत्रुस फर्केर आउदा खेरी उनीहरुले भने सुन छैन चाँदि छैन जे छ येशु मशिह को नाम कारण के हो गवाहि भयो अहिले । र उनीहरु संग शक्ति र सामर्थ सबै छ ।

[11] परमेश्वरले दिएको पूर्ण हातहतियार लगाऊ ताकि तिमीहरूले शैतानको कुचालको सामना गर्न सक्छौ।

हर दिन युद्ध को लागी निक्लनु भन्दा पहिला हामी सारा हातहतियारले पुर्ण हुनुपर्छ । र हामी संग पुरा हातहतियार छ कि छैन पुरा चेक गर्नु पर्छ । रुस र युक्रेन लडाइ हुदा रुसले जित्छ कारण रुस ठुलो देश हो तर युक्रेनले रुसको मिसाइलहरुलाइ तहस नहस गरीदिन्छ यो सानो देशले कारण युक्रेनको पास रुसको भन्दा पनि ठुलो मिसाइल भएको कारण हो । त्यसैले हामी दुष्ट आत्मा संग लडाइ गरेर उसको सबै युक्तिलाइ तहस नहस गर्ने हो भने हामीमा पुरा हात हतियार हुन जरुरी छ । यो हातहतियार मान्छेको होइन यो पुरा हातहतियार परमेश्वर को हो । यो परमेश्वर को सारा हातहतियार धारण गर्न बिश्वासले मात्र सक्छ । यो हो बिश्वास । दियाबलसको युक्तिहरु देखेर यो पो रहेछ असल तरीका भन्ने होइन त्यसको बिरुद्धमा खडा हुनुपर्छ ।

[12] हाम्रो लडाई पृथ्वीका मानिसहरूसित छैन। हामी त यस संसारको अन्धकारको शासक, अधिकारी र शक्तिहरूसित लडिरहेछौं। हाम्रो लडाई त स्वर्गीय स्थानको दुष्ट आत्मिक शक्तिहरूको विरूद्ध छ।

हाम्रो युद्ध शरीर र रगत को बिरुद्धमा होइन । शरीर र रगतको बिरुद्धमा लडाइ गर्न को लागी लुत को घरमा तालिम पाएको छ । दुष्ट शक्तिहरु को बिरुद्धमा लडाइ गर्नको लागी अब्राहाम को घरमा तालिम पाएको छ । लाउडेसिया को मण्डलीमा संसारमा उन्नति पाउन को लागी तालिम पाएका छन् त्यसकारण उनीहरुलाइ परमेश्वर भन्नुहुन्छ तिमीहरु नग्न र दरिद्र छौ । फिलेडेल्फीयाको मण्डलीले परमेश्वर को बचनमा दृढ भएका छन् । र परमेश्वरको नामलाइ कहिले पनि इन्कार गरेका छैनन् । उनीहरु आत्मिक युद्धमा तालिम पाएर बलियो भएका छन् । र परमेश्वरले लाउडेसिया को मण्डलीलाइ यिनीहरु को खुट्टा मुनी ल्याउछु भन्नुभयो । लाउडेसिया र फिलेडेल्फीया दुबै मण्डली हुन् । तर यि दुइ मण्डलीमा तालीम त अलग छन् । कुन तालिम हो मैले पाएको ? बचनमा लेखेको छ जब लडाइ को समय

आयो अब्राहामले आफ्ना सेनाहरुलाइ अस्त्रहरु दिए । यि शस्त्रहरु कसरी चलाउने अब्राहामले ति सेनाहरुलाइ तालिम दिएका थिए । बचनमा तिन माहान ब्यक्तिहरुको नाम छ जो एक्लै लडाइ गर्न खडा भएका थिए । दाउद सबै भागे तर एक्लै दाउद खडा भए लडाइ गर्न को लागी । पलिस्तीहरुले सबै सामान लिन आउदा सबै भागे एलियाजार तलवार पकेर एक्लै खडा भए । किनकी उनले तालिम पाएका थिए । तालिम पाएका ब्यक्तिहरु भाग्दैनन् ।अन्धकार को शक्तिहरु को बिरुद्धमा हाम्रो लडाइ हो । हाम्रो नातेदारहरुलाइ संसारको दुष्टले कब्जामा गरेको छ । र यिनीहरुलाइ अन्धा बनाएको छ । अब्राहाम आफ्नो लागी खडा भएनन् आफ्नो भतिजालाइ बचाउनको लागी खडा भएका हुन् । बाइबल ले भन्छ अब्राहामले पहिला सुने , दोस्रोमा आफ्नो घरमा जन्मेको तेस्रोमा तालिम पाएका चौथोमा अस्त्र धारण गरे त्यसपछि पाचौमा दान सम्म खेदेर गए । अब्राहाम दान सम्म गए भन्नु को मतलब हामी दुइ पाइला अगाडि सम्म गएर हुदैन । हामी यो आत्मिक लडाइ जीवन को अन्त सम्म लड्नु पर्छ । धेरै जना बिचमा नै छोडेर जान्छन् तर हामी अन्त सम्म खडा हुनुपर्छ । अन्धकार को शक्ति हामी माथि आएको छ । धेरै भन्दा धेरै मण्डलीहरु मज्जामा छन् कारण उनीहरुलाइ थाहाँ छैन संसारमा के हुदैछ । त्यसैले येशुले भन्नुभयो जसको माथि यो अन्त को युग आएको छ । यो अन्त को युग अलग्गै हो । यो अन्तको युग को जाति अलग्गै हो । परमेश्वर यो जातिलाइ बचाउनुहुन्न । परमेश्वरले चुनेको मान्छेहरुलाइ पनि परमेश्वर भन्नुहुन्छ यदि तिमीहरुले पनि त्यो दिनहरु कम गरेनौ भने तिमीहरुलाइ पनि बचाउदैन । त्यस्तो हुन्छ दियाबलस को असर हामी बच्न को लागी यो तालिमहरु हामीलाइ चाहिन्छ । उत्पत्ति १४ अध्यायमा पहिलो युद्ध को बारेमा लेखेको छ । अब्राहमले सुने कि युद्धमा उनको भतिजा लुतलाइ कब्जामा लिएर गए । एउटा ७५ शाल भएको बुढो मान्छे योद्धाको रुपमा प्रकट भएको हामी देख्न सक्छौ । त्यसकारणले गर्दा अब्राहाम एक योद्धा हुन् र हामी उनका संन्तान पनि एक योद्धा हुनुपर्छ ।

*प्रार्थना*

*धन्यबाद , धन्यबाद धन्यबाद प्रभु हामी अब्राहामका संन्तानहरु हौ । हामी सबै अब्राहाम को परिवारमा जन्मेका हौ । हामी सबै जना लाइ हजुर को हातमा दिन्छु प्रभु । हामी सबै जनालाइ यो संसारको अन्धकार को शक्तिको विरुद्धमा खडा हुन को लागी र परमेश्वर को अन्तिम दिनको लागी तयार हुन को लागी हामीलाइ तालिम दिनुस् । हामी पछाडि हट्ने होइन अगाडि बड्ने बिश्वासी हामीलाइ बनाउनुहोस् । बिश्वासमा , प्रार्थनामा , उपवासमा हर आत्मिक क्षेत्रमा पबित्र आत्मा को अगुवाइमा अगाडि अगाडि बढ्ने आत्मिक योद्धा बनाउनुहोस् प्रभु । त्यस्तो एउटा अन्तिम युगको सेना संसारमा उभिदैहुनुहुन्छ । त्यसको भाग हुन को लागी हामीलाइ आशिष दिनुहोस् प्रभु । तपाइको हर दिन कुश बोकेर हिड्ने छोरा छोरी हामीलाइ बनाउनुहोस् । आदर , प्रसंसा , महिमा सबै तपाइलाइ यो सबै बिन्ति प्रार्थना येशु मशिह को नाममा आमेन ।*